# बैठक नं. ८२

आज मिति २०७८ कार्तिक २८ गते आइतबारका दिन यस देवचुली नगरपालिकाको नगर प्रमुख श्री पूर्ण कुमार श्रेष्ठज्यूको अध्यक्षता मा ८२ औ कार्यपालिका बैठक बस्यो ।

**उपस्थिती**

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री पूर्ण कुमार श्रेष्ठ | नगर प्रमुख | |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३ | श्री लक्ष्मणराज भण्डारी | कार्यपालिका सदस्य | |
| ४ | श्री माधव के.सी | कार्यपालिका सदस्य | |
| ५ | श्री गोपाल राज शर्मा लम्साल | कार्यपालिका सदस्य | |
| ६ | श्री गिर बहादुर थापा क्षेत्री | कार्यपालिका सदस्य | |
| ७ | श्री शिवलाल सापकोटा | कार्यपालिका सदस्य | |
| ८ | श्री मिन बहादुर सोती | कार्यपालिका सदस्य | |
| ९ | श्री भुपराज पाठक | कार्यपालिका सदस्य | |
| १० | श्री चन्द्र बहादुर सिंजाली | कार्यपालिका सदस्य | |
| ११ | श्री मेख बहादुर थापा सारु मगर | कार्यपालिका सदस्य | |
| १२ | श्री केशर आले | कार्यपालिका सदस्य | |
| १३ | श्री रमेश बहादुर ठाडा मगर | कार्यपालिका सदस्य | |
| १४ | श्री दिनानाथ भुसाल | कार्यपालिका सदस्य | |
| १५ | श्री डिल बहादुर खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री हेमराज दवाडी | कार्यपालिका सदस्य | |
| १७ | श्री हरिभक्त भट्टराई का.वा. सुरेश राना | कार्यपालिका सदस्य | |
| १८ | श्री केशर बहादुर क्षेत्री | कार्यपालिका सदस्य | |
| १९ | श्री विष्णु प्रसाद आचार्य | कार्यपालिका सदस्य | |
| २० | श्री टिकामाया सिंजाली | कार्यपालिका सदस्य | |
| २१ | श्री सकुन्तला गुरुङ | कार्यपालिका सदस्य | |
| २२ | श्री सुवोचन्द्र सुवेदी | कार्यपालिका सदस्य | |
| २३ | श्री माया सुवेदी | कार्यपालिका सदस्य | |
| २४ | श्री नव कुमारी शर्मा | कार्यपालिका सदस्य | |
| २५ | श्री कमला दमै | कार्यपालिका सदस्य | |
| २६ | श्री खेमलाल नेपाली | कार्यपालिका सदस्य | |
| २७ | श्री भोज बहादुर माझी | कार्यपालिका सदस्य | |
| २८ | श्री गोविन्द सिग्देल | सदस्य सचिव | |

Scanned with CamScanner

## अन्य आमन्त्रित

१. राम प्रसाद शर्मा, नगर शिक्षा प्रमुख, शिक्षा शाखा
२. जिवलाल श्रेष्ठ, अधिकृत आठौं तह, प्रशासन, तथा योजना शाखा
३. शिव सापकोटा, अधिकृत छैठौं तह, आर्थिक विकास शाखा
४. लक्ष्मण हरि सापकोटा, सूचना प्रविधि अधिकृत, सूचना शाखा
५. टिकाराम खत्याल, इन्जिनियर, पूर्वाधार विकास शाखा
६. राम कुमार श्रेष्ठ, जन स्वास्थ्य अधिकृत, स्वास्थ्य शाखा
७. ईश्वर काले, सह-लेखापाल, आ.प्र. शाखा
८. भुपाल लामिछाने, स्वकिय सचिव, नगर प्रमुख
९. शेषराज पौड्याल, ना.सु., योजना उपशाखा
१०. विमला लम्साल, अधिकृत छैठौं, सामाजिक विकास शाखा

विशेष उपस्थिति

१. बिष्णु प्रसाद भुसाल, उप-सचिव, गण्डकी प्रदेश मुख्य. म.का.

**मिति २०७८।७।२८ गतेको ८२ औं नगर कार्यपालिकाको बैठकमा छलफलका लागि प्रस्तुत गरिएका प्रस्तावहरु**

१, PHC को लागि चौकिदार/कर्मचारी व्यवस्थापन सम्वन्धमा ।

२, PHC को अस्थायी टहरोमा पेटी निर्माण सम्वन्धमा ।

३, स्थानीय तहको कर्मचारीहरुको वढुवा सम्वन्धमा ।

४, रिङरोडको कार्यसंचालन र ठेक्का वन्दोवस्त सम्वन्धमा ।

५, अन्य वडागत कालोपत्रे सडकको ठेक्का बन्दोवस्त सम्वन्धमा ।

६, वडा नं. १ र ४ नं. वडाको स्वीकृत योजना तथा कार्यक्रम हेरफेर गर्ने सम्वन्धमा ।

७, तीन पाङ्ग्रे सवारीको भाडादर कायम गर्ने सम्वन्धमा ।

८, कोभिड प्रभावितहरुलाइ आर्थिक सहयोग उपलव्धगराउने सम्वन्धमा ।

९, १६ नं. वडा को हाटबजार संचालन/व्यवस्थापनको म्याद थप सम्वन्धमा ।

१०, हरिबोधनी एकादशीका दिन सार्वजनिक बिदा दिने सम्वन्धमा ।

११, सुर्क्षित एकिकृत वस्ती विकासको व्यवस्थापन सम्वन्धमा

पूर्णकुमार ...
नगर प्रमुख

उपा नगर
नगर कार्यपालिकाको कार्यालय
प्रतिमनगर, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश

मिति २०७८।७।२८ गतेको ८२ औं नगर कार्यपालिकाको बैठकमा छलफल भई निर्णय भएका विषयहरु

निर्णय नं. १

प्रस्ताव नं १ उपर छलफल गर्दा दुम्कौली प्राथमिक स्वास्थ्य केन्द्र PHC (दुम्कौली अस्पताल) मा रात्रीकालिन समयमा सेवा उपलब्ध गराउदा सेवामा खटिएका स्वास्थ्यकर्मी तथा स्वास्थ्य केन्द्रको सुरक्षा व्यवस्थाका लागि समयमा नै सचेत रहने गरी २०७८ मंसीर १ देखि अर्को व्यवस्था नभएसम्म नगरपालिका कार्यालयमा कार्यरत सुरक्षाकर्मीहरु मध्येबाट आपसमा पालो मिलाइ दुम्कौली प्राथमिक स्वास्थ्य केन्द्रमा रात्रीकालिन सुरक्षा व्यवस्थाका लागि एक जना सुरक्षाकर्मी खटाउने निर्णय गरियो ।

निर्णय नं. २

प्रस्ताव नं २ उपर छलफल गर्दा दुम्कौली प्राथमिक स्वास्थ्य केन्द्र PHC (दुम्कौली अस्पताल) मा हालै निर्माण भएको अस्थायी भवनमा विभिन्न किट पतङ्गहरुबाट असुरक्षा भएको र स्वास्थ्य उपचारको सिलसिलामा अक्सिजन शिलिण्डर समेत अड्याउन कठिनाइ परेकोले उक्त भवनको वरपर पेटी निर्माण गर्न अति आवश्यक देखिएकोले प्राविधिक लगत इष्टिमेट बमोजिम पेटी निर्माणका लागि आवश्यक पर्ने रकम प्रकोप व्यवस्थापन कोषबाट खर्च गर्नेगरी नियमानुसार पेटी निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं ३ उपर छलफल गर्दा देवचुली नगरपालिकामा कार्यरत साविक स्थानीय निकायले नियुक्ति गरेका स्थायी कर्मचारीहरुको बढुवा गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन २०७८ को दफा ३ अनुसार एक पटकको लागि उक्त ऐनको सोही दफामा व्यवस्था भए बमोजिम नगर सभाबाट बढुवाका लागि दरवन्दी समेत स्वीकृत भइ सकेकोले कम्तीमा १५ दिनको सूचना प्रकाशित गरी तोकिए अनुसार एक तह बढुवाका लागि प्रकृया अगाडि बढाउन निर्देशन दिने ।

सोही ऐनको दफा ३ उपदफा (२) (ग) को प्रतिवन्धात्मक वाक्यांस अनुसार हाल यस कार्यालयमा कार्यरत चौथो तहका अमिन श्री खिमराज गौतमको हकमा सोही ऐनको दफा ३ को उपदफा (२) (क) मा उल्लेखित बढुवा हुने पदको लागि तोकिए अनुसार खुल्ला प्रतियोगिताका लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता नभएको भए तापनि निजको कार्य जिम्मेवारी, कार्य कुशलता, लगनशीलता, कार्य दक्षता समेतको आधारबाट हाल कार्यरत पदको शैक्षिक योग्यतालाइ नै बढुवाको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता वा तालिमको आधारमा बढुवाको प्रकृया अगाडि बढाउन निर्देशन दिने निर्णय गरियो ।

पूर्णकुमार श्रेष्ठ
नगर प्रमुख

गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

निर्णय नं. ४

प्रस्ताव नं. ४ उपर छलफल गर्दा चालु आ. व.मा रिङ्गरोड निर्माणका लागि संघीय सरकारबाट समपुरक अनुदान शीर्षकमो ६१ लाख बजेट व्यवस्था भएकोमा यस नगरपालिकाबाट समेत समपुरक शीर्षकबाट सोही अनुसार थप रकम व्यवस्था गरी साविकका चारवटै गा.वि.स.मा समानरुपले बजेट व्यवस्था गरी यथासक्य छिटो टेण्डर प्रकृया अवलम्वन गरी अस्फाल प्रकृतिको कालोपत्रे निर्माणका लागि ७ (सात) दिन भित्र ठाउं एकिन गरी नगरपालिकामा पेश गर्ने/गर्नलगाउने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ उपर छलफल गर्दा गत वर्षमा उपभोक्ता समितिबाट संचालन गर्ने भनी जानकारी गर.इएका कतिपय योजनाहरु आ.ब.को अन्तिम समयमा उपभोक्ता समिति मार्फत नगरी टेण्डर प्रकृयाबाट संचालन गराउनका लागि अनुरोध भइ आएका कारण समयमा नै योजना सम्पन्न गर्न नसकिएकोले चालु आ.व.का लागि वडा स्तरीय योजनाहरु मध्ये सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा व्यवस्था भए अनुसार उपभोक्ता समिति मार्फत निर्माण गर्ने प्रकृतिका योजनाहरु प्राविधिकबाट सोही नियमावलीमा तोकिए अनुसार लगत इष्टिमेट गरी सम्वन्धित उपभोक्ताहरुले लागत सहभागिता स्वरुप जम्मा गर्नुपर्ने रकम बैंक खातामा दाखिला गरी यथासक्य छिटो योजना संझौताका लागि नगरपालिकामा सम्पर्क राख्ने/राख्न लगाउने निर्णय गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं. ६ उपर छलफल गर्दा चालु आ. व. का लागि वडा नं. १ को सि.नं. २११ मा उल्लेख भएको योजनालाइ सहयोग गर्ने गरी उल्लेखित प्रधानमन्त्री रोजगार कार्यक्रमको सट्टा सि.नं. २१० को जागृति चोकदेखि मिलनचोक सम्मको बाटो स्तरोन्नती कार्यमा समावेश गर्न माग भइ आएकोले माग बमोजिम उक्त योजना संचालनका लागि इजाजत दिने ।

साथै वडा नं ४ को सि.नं. ११४ मा उल्लेखित परानपुर चोक देखि पूर्वतर्फ जानेबाटो कालोपत्रेको लागि विनियोजित रकम रु, ५ लाखबाट हालको अवस्थामा उक्त सडक कालोपत्रे हुने संभावना नदेखिएकोले सो सडक कालोपत्रेको सट्टा सोही सडकलाई स्तरोन्नती गर्नका लागि माग भइ आए अनुसार माग बमोजिम उक्त योजना संचालन गर्नेगरी इजाजत दिने ।

निर्णय नं. ७

प्रस्ताव नं. ७ उपर छलफल गर्दा देवचुली नगरपालिका क्षेत्रमा संचालित अटो रिक्सा व्यवसायीहरुले साविक बमोजिम प्रयोगमा आएको अटो रिक्सा (तीन पाङग्रे सवारी ) को भाडा दर स्वीकृतिका लागि अनुरोध सहित पेश हुन आएकोमा यस नगरपालिकाबाट भाडा दर पुनरावलोकन/हेरफेर नभएसम्म सिट क्षमता भन्दा बढी यात्रु ओसारपसार गर्न नपाउने शर्तमा माग बमोजिम यस नगर क्षेत्रभित्र चल्ने स्थानहरुको अटो रिक्सा भाडादर कायम गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं. ८

प्रस्ताव नं. ८ उपर छलफल गर्दा कोभिड-१९ को महामारीबाट प्रभावित अति बिपन्न परिवार नगद हस्तान्तरण कार्यविधि २०७८ अनुसार नगद राहत प्राप्त गर्न योग्य सम्बन्धित वडाका लाभग्राहीहरुको लागि नेपाल सरकार अर्थ मन्त्रालयबाट मिति २०७८।७।२५ मा प्रकाशित १५ दिने सूचना अनुसार सम्बन्धित वडा कार्यालयहरुले तोकिएको ढांचामा म्याद भित्र निवेदन संकलन गरी सोही अनुसार प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं. ९ उपर छलफल गर्दा यस नगरपालिका अन्तरगत १६ नं. वडा कार्यालय अन्तरगत रजहरमा साप्ताहिक हाटवजार व्यवस्थापनका लागि गत आ.व. का लागि डांक बढाबढहुंदा तोकिए अनुसारको रकम संकलन हुन नसकी नगर कार्यपालिकाको मिति २०७७।९।२७ तथा वडा कार्यालय समेतको निर्णय अनुसार श्री बलवहादुर वि.क.लाइ अर्धवार्षिक रु, ६०,५००।- मा हाटबजार व्यवस्थापन गर्नेगरी तोकिएकोमा बिगत बर्षमा कोभिड महामारीका कारण हाटबजार संचालन गर्न नपाइ कोभिडबाट परेको असर न्यूनीकरणका लागि राहत स्वरुप ठेक्का अवधिको म्याद थप गरि पाउन निवेदन गरे अनुसार २०७८।५।१ देखि २०७८।७।३० सम्मको लागि कोभिड असर राहत स्वरुप ३ महिनाको म्याद थप गरिदिने । कोभिड महामारीको असर कायमै रहेको हालको अवस्थामा चालु आ.व.को बीचमा डांक बढावढको सूचना प्रकाशित गरी ठेक्का बन्दोवस्त गर्दा केही समय लाग्न सक्ने र कर्मचारी खटाई हाटवजार व्यवस्थापन गर्दा बढी खर्चिलो हुने देखिएकोले निजले नै हाटवजार व्यवस्थापन कार्यको निरन्तरता दिने भएमा साविकको रकममा १०% का दरले थप गरी साविक बमोजिम श्री बल बहादुर वि.क.लाइ नै हाटबजार व्यवस्थापनका लागि जिम्मेवारी दिने । निजले सो अनुसार गर्न इन्कार गरेमा अर्धबार्षिक रु, ६०,५००।- लाइ नै न्यूनतम बजार व्यवस्थापनको मुल्यांकन रकम मानी छोटो प्रकृयाबाट डांक बढाबढ गरी नियमानुसार चालु आ.व. को लागि उक्त स्थानको हाटबजार व्यवस्थापनगर्ने गरी १६ नं वडा कार्यालयलाइ नै जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं. १०,

प्रस्ताव नं. १० उपर छलफल गर्दा २०७८ कार्तिक २९ गते सोमबारका दिन हरिवोधनी एकादशी पर्व परेको र उक्त पर्वमा परम्परागत रुपले धार्मिक/सांस्कृतिक महत्वको ठूला एकादशी महोत्सव उल्लासका साथ मनाउन यस नगरपालिका क्षेत्र भित्रका सरकारी कार्यालय, वित्तीय संघसंस्था तथा विद्यालयहरु समेतलाइ सार्वजनिक बिदा दिने निर्णय गरियो ।

पूर्णकुमार श्रेष्ठ
नगर प्रमुख

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश

निर्णय नं. ११,

पूर्णकुमार श्रेष्ठ
नगर प्रमुख

गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. ११ उपर छलफल गर्दा विगत वर्षहरुमा सुरक्षित एकिकृत वस्ती विकासका लागि यस नगरपालिका क्षेत्रका अति विपन्न गरीब परिवारको लागि आवास निर्माणको आवश्यकता देखि उक्त कार्यक्रमका लागि रकम माग गरिएकोमा संघीय सरकारबाट विशेष अनुदान स्वरुप रकम निकासा हुंदा यस नगरपालिका वडा नं. २,१३,१५,१७ उल्लेख भइ आएकोमा उक्त रकम आवश्यकता अनुसार यस नगरपालिका क्षेत्रका अन्य वडाका अति विपन्न परिवारको लागि समेत भवन निर्माण कार्यमा उपयोग गर्ने निर्णय गरियो ।

८/२८
पूर्णकुमार श्रेष्ठ
नगर प्रमुख

गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner